
## परिणाम Result

किशोर र किशोरीहरूमा लैङ्गिक समानतामूलक धारणहरू र व्यवहारहरू प्रवर्द्धन गर्ने कुराका लागि योगदान गर्नका लागि "रोजाइ" परियोजना प्रभावकारी भएको मूल्याङ्कनको परिणामले प्रष्ट देखाउँछ। प्रयोगात्मक समूहमा आधारभूत सर्वेक्षण र अन्तिम सर्वेक्षण वीचको फरक लैङ्गिक मान्यता र व्यवहार मापन गर्नका लागि तथ्यांकिय रूपमा महत्वपूर्ण (Statistically significant) रहेको देखायो। उदाहरणका लागिः "रोजाइ" का धेरै नै कम सहभागीहरूले श्रीमतीहरूले श्रीमानको कुरामा असहमती जनाएको खण्डमा श्रीमानले श्रीमतीलाई पिट्नु स्वाभाविक भएको महशुस गरे। साथै अतिनै धेरै सहभागीहरूले छोरीहरूलाई पनि छोराहरूको जस्तै विद्यालय जाने वा घर बाहिरको काम गर्ने महशुस गरे। जोडी भाई बहिनीको सानो नमुना संख्याले केटा सहभागीहरूले लैङ्गिक समतामूलक व्यवहारहरू ग्रहण गर्न थालेको स्पष्ट रूपमा प्रस्तुत गर्‍यो।



सहभागीहरू रोजाइ कार्यक्रममा सहभागी हुनुभन्दा पहिले र पछिको अवस्था झल्किने तस्विर बनाउँदै।

यी गुणात्मक परिणामहरूले माथीको उपलव्धिहरूलाई अझ बलियो रूपमा प्रमाणित गर्दछ कि प्रयोगात्मक समूहमा रहेका बालबालिकाहरूले लैङ्गिक असमानता सामान्य रूपमा लिए तापनि यो अनुचित भएको र परिवर्तन गर्नु पर्ने महशुस गरे। उनीहरू "रोजाइ" वा अन्य यस्तै कार्यक्रमहरूले लैङ्गिक समतामूलक मान्यताहरूको प्रवर्द्धनका लागि सहयोग गर्छ भन्ने कुरा विश्वास गर्दछन्। प्रयोगात्मक समूहमा भएका धेरै केटाहरूले उनीहरूले आफ्नो व्यवहारमा सानो परिवर्तन गर्न थालेको बताए। उनीहरूले आफ्नो आमा र दिदीबहिनीहरूलाई घरायसी कामकाजमा सहयोग गर्ने, दिदीबहिनीहरूको पढाई पूरा गर्न दिन र बालविवाह नगराउनका लागि पैरवी गर्नुका साथै परिवारका सदस्यहरू, साथीहरू र छिमेकीहरूलाई यस्तो गर्नका लागि प्रोत्साहित गरिरहेका छन्। प्रयोगात्मक समूहका धेरै किशोरीहरूले उनीहरूका दाजुभाइहरूका साथै समुदायका केटाहरूले लैङ्गिक समातामूलक व्यवहार गर्ने क्रममा आफ्नो व्यवहारमा साना परिवर्तनहरू गर्न थालेको कुरा व्यक्त गरे। फाटो भ्वाईसको परिणामले प्रयोगात्मक समूहका किशोर किशोरीहरूले लैङ्गिक समतामूलक व्यवहार झल्किने खालका धेरै फोटोहरू खिच्न चाहेको कुरा प्रस्तुत गर्‍यो- जबकि नियन्त्रण समूहमा रहेका किशोरकिशोरीहरूले धेरै परम्परागत लैङ्गिक भूमिकाहरू झल्किने फोटोहरू नै खिचे। समूह केन्द्रित छलफलमा प्रयोगात्मक क्षेत्रका अभिभावकहरूले आफ्ना छोराहरूले दिदीबहिनीहरूलाई विद्यालयको गृहकार्य र घरायसी कामकाजमा सहयोग गर्न थालेका र परिणाम स्वरूप घर शान्तिपूर्ण र सौहार्द/समान्जस्यपूर्ण बन्दै गएको कुरा बताएका छन्। प्रयोगात्मक समूहका अभिभावकहरूले मुख्यरूपमा "रोजाइ" कार्यक्रम बिस्तार हुनुपर्ने सुझाव दिए।



"रोजाइ" कार्यक्रममा सहभागी भए देखि हाम्रो भाईहरूले हामीलाई मद्दत गर्न सुरू गरी सकेकाछन्। र हामी पनि उनीहरूलाई मद्दत गर्छौं। हामी यही कुरा गाउँमा साथीहरूलाई सिकाउँछौं।

\- एक सहभागी किशोरी

## निष्कर्ष Conclusion

कलिला किशोर किशोरीहरूलाई लैङ्गिक समानतामूलक व्यवहारतर्फ उन्मुख हुनको लागि "रोजाइ" पाठ्यक्रम प्रभावकारी भएको कुरा यस मूल्याङ्कनको परिणामले प्रस्तुत गर्दछ। "रोजाइ" पाठ्यक्रमको सफलताको आधारमा हाल सेभ द चिल्ड्रेनले अभिभावक, शिक्षक शिक्षिका र समुदायका अगुवाहरूलाई सहभागी गराई एउटा परिपूरक पद्धतिको विकास गरिरहेको छ। धेरै कलिला किशोर किशोरीहरू माझ लैङ्गिक समानतामूलक धारणाहरू र व्यवहारहरू विकास र विस्तार गर्नु लैङ्गिक मान्यता प्रबर्द्धन गर्ने जटिल तत्व हो। लैङ्गिक समानतामूलक मान्यताका लागि सहयोगी वातावरण सृजना गर्नका लागि अभिभावकहरू र समुदायलाई सहभागी नगराईकन दिगो व्यवहार परिवर्तन हाँसिल हुन सक्दैन।


थप जानकारी, मुख्य तथ्याङ्क र सन्दर्भ सामग्रीहरूका लागि पूर्ण प्रतिवेदन Utilizing Participatory Data Ccollecting Method To Evaluate Programme For Very Young Adolescents : An Evaluations Of Save The Children's CHOICE Curriculum In Nepal चाहिं **www.irh.org** मा हेर्न सकिन्छ। यस पाठ्यक्रमको प्रतिलिपि प्राप्त गर्नका लागि सेभ द चिल्ड्रेनको यस ठेगानामा अनुरोध गर्नुहोस् **bkerner@savethechildren.org.**

The Institute for Reproductive Health at Georgetown University contributess to a range of health initiatives and is dedicated to helping women and men make informed choices about family planning and providing them with simple and effective natural options. For more information about the Institute, please see www.irh.org.

This publication and the project featured were supported by the U.S. Agency for International Development under Cooperative Agreement HRN-A-00-97-00011-00.

IRH would like to thank Elaine M. Mruphy, Ph.D., a visiting scholar at the Population Reference Bureau, for her contributions to this brief.





Save The Children द्वारा विकास गरिएको "रोजाइ" पाठ्यक्रम

विशेषगरी "रोजाइ" पाठ्यक्रम १० देखि १४ वर्षसम्मका किशोर किशोरीहरूका लागि निर्माण गरिएको हो। "रोजाइ" पाठ्यक्रमले किशोर किशोरीहरूलाई मनोरञ्जन, विकासका दृष्टिकोणले उपयुक्त, सम्मानजनक संचार, निष्पक्षता र भविष्यका लागि उनीहरूको सपनाको बारेमा गरिने सम्वादमा उनीहरूलाई संलग्न गराउँछ। यो पाठ्यक्रमको उद्देश्य युवा र किशोर किशोरीहरूलाई व्यवस्थित वैचारिक तर्क र व्यवहार परिवर्तन मार्फत उनीहरूको समुदायमा स्वीकारिएको समाजिक लैङ्गिक मान्यताहरूलाई चुनौती दिनका लागि सशक्तीकरण गर्नु हो।

# कलिला किशोर किशोरीहरू सामु लैङ्गिक मान्यताहरूको रूपान्तरण गर्दैः नेपालमा नवप्रवर्तनकारी परियोजना र मूल्याङ्कन

"The child is father to the man" यो अङ्ग्रेजी उखान हो। यसको नेपाली भाषामा अर्थ "बालक मानिसको पिता हो।" भन्ने हुन्छ। यो उखानको अर्थ हामीले बालबालिकाको रूपमा जे कुरा सिक्छौं र गर्छौं त्यसले हाम्रो वयस्क जीवनमा धेरै ठूलो प्रभाव पार्छ। यी कुराहरूमा हामीले आत्मसात गर्ने र हामीले अवलोकन गर्ने व्यवहारहरू र पालना गर्ने साँस्कृतिक र लैङ्गिक मान्यताहरू पर्दछन्। किशोरावस्थाको विकास सम्बन्धी अनुसन्धानले परम्परागत ज्ञानलाई वैद्यता प्रदान गर्दछ जसले किशोरावस्था भन्दा पहिले र किशोरावस्थाको प्रारम्भिक चरणका वर्षहरूमा उनीहरूले मान्यताहरूको निर्माण गर्ने र व्यवहारमा लागू गर्छन् जुन व्यवहार उनीहरूको वयस्क जीवनसम्म कायम रहन्छ वा त्यही व्यवहारले भविष्यमा पनि निरन्तरता पाउँछ भन्ने कुरा उजागर गर्छ। यी प्रारम्भिक व्यवहारहरू र मान्यताहरूले वयस्कहरूको शैक्षिक उपलव्धि, पेशा र स्वास्थ्य लगायत प्रजनन स्वास्थ्यलाई अर्थपूर्ण रूपमा प्रभाव पार्छ। के लैङ्गिक विभेद परिवर्तन गर्न सकिन्छ ? अझै विशेष रूपमा, के दुई घण्टाको, आठ वटा तीन महिनासम्म सञ्चालित सत्रको सहभागिताले १० देखि १४ वर्ष उमेर समूहका कलिला किशोर किशोरीहरूलाई लैङ्गिक मान्यता परिवर्तन गर्नका लागि उन्मुख गराउँछ ? यो त्यस्तो प्रश्न थियो जसलाई **Save the Children** र **Georgetown University's Institute for Reproductive Health (IRH)** ले **CHOICE Curriculum** (रोजाइ पाठ्यक्रम) द्वारा सम्वोधन गर्‍यो जुन एक सृजनात्मक, सहभागितामूलक क्रियाकलापहरू र नवप्रवतर्नकारी मूल्याङ्कन विधिमा आधारित नमुना कार्यक्रम हो। नेपालमा तीन महिनाको अवधिसम्म गरिएको कार्यान्वयनबाट "रोजाइ" ले आफ्नो उपलव्धि हाँसिल गर्‍यो। यस कार्यक्रमको मूल्याङ्कनले सापेक्षिक संक्षिप्त कार्यक्रमले पनि कलिला किशोर किशोरीहरूलाई समाजमा रहेको लैङ्गिक मान्यताहरूलाई चुनौती दिनका लागि र उनीहरूको आफ्नो जीवनमा लैङ्गिक समानता तर्फ परिवर्तन हुनका लागि सशक्त हुने कुरा प्रस्तुत गर्‍यो।

## परियोजना Intervention

लामो समयसम्म नेपालका गरीव जिल्लाहरूमा कार्य गरेकाले Save The Children को नेपालमा विश्वसनीय उपस्थिति छ । यसका अन्य सेवाहरूमा, पछाडि परेका बालबालिकाहरूका क्लबहरूलाई प्रायोजन गर्दछ । सेभ द चिल्ड्रेनले यस "रोजाइ" पाठ्यक्रमको नमुना परीक्षण तराईको सिराहा जिल्लामा गर्ने निर्णय गर्‍यो जहाँ त्यस्ता व्यवहारहरू विद्यमान छन् जसले छिट्टै विवाह, गर्भधारण र दाइजो जस्ता लैङ्गिक असमानताले निरन्तरता पाउने व्यवहारहरू विद्यमान छन। प्रारम्भिक अनुसन्धान (Formative Research) ले किशोर र किशोरीहरूको बीचमा घरायसी कामकाज, शिक्षामा पहुँच, खेल्ने स्वतन्त्रता र समग्र स्वतन्त्रता जस्ता कुराहरूमा निरन्तर दूरी रहेको कुरा प्रस्तुत गर्‍यो। त्यसकारण "रोजाइ" को सहभागितामूलक क्रियाकलापहरूको निर्माणले कलिला किशोर किशोरीहरूलाई लैङ्गिक असमानताको पहिचान गर्न र प्रतिबिम्वित गर्न, लैङ्गिक विभेद सम्बन्धी भावनाहरू खोज्न, लैङ्गिक समतामूलक व्यवहार गर्न र लैङ्गिक मान्यताहरूको बारेमा सबै केटा, केटी र मिश्रित समूहमा छलफल गर्नका लागि सक्षम बनाउनु हो । यसका प्रशिक्षित सहजकर्ताहरू १८ देखि २४ वर्षसम्मका बालक्लवहरूमा काम गरेका अनुभवी व्यक्तिहरू थिए। यसको क्रियाकलापहरू तालिका १ मा दिइएको छ।

### तालिका १ : "रोजाइ" पाठ्यक्रममा भएका क्रियाकलापहरू

| क्रियाकलापहरूको नाम | के हुन्छ ? | उद्देश्य |
|---|---|---|
| निलो र हरियो | सहभागीहरूलाई स्वेच्छिक रूपमा एउटा रङ्ग तोकिन्छ र एक अर्कोभन्दा राम्रो छ भनेर भनिन्छ । भावनाहरूको बारेमा छलफल गरिन्छ । | लैङ्गिक असमानताका बारेमा बुझ्नु । |
| सम्मानको यात्रा | मानिसहरूले कसरी सम्मान हाँसिल गर्छन् र उनीहरूले सम्मान गर्ने मानिसहरूमा कस्ता विशेषताहरूमा छन् भन्ने विषयमा छलफल गर्छन् । | लैङ्गिक समता ससाना व्यवहारहरू बाट शुरू हुन्छ- जसले सम्मान आर्जन गर्न सक्छ भन्ने कुरा सिक्नु। केटीहरूलाई समान व्यवहार गरेको खण्डमा पनि केटाहरूलाई सम्मान गर्न सकिन्छ। |
| अदृश्य पर्खाल | सहभागीहरूले चारवटा घटनाक्रम पढ्छन् जसमा सामाजिक मान्यताहरूको कारणले गर्दा केटाहरूलाई केटीहरूको आशा र सपनाहरू साकार गर्नका लागि अवरोध सृजना गर्दछ। ती अवरोधहरू पहिचान र छलफल गर्छ। | केटीहरूलाई समान व्यवहार गर्नका लागि सामाजिक मान्यताहरूले कसरी अवरोध गर्छ भन्ने कुरा बुझ्नु। |
| खुलेर माया गर्नु | मार्गनिर्देशित परिकल्पनाहरूको आधारमा सहभागीहरूले एक अर्काको भावनाहरू राम्रोसँग बुझ्ने र उनीहरूको सकारात्मक व्यवहारहरूको लागि कसरी आभार व्यक्त गर्ने भन्ने कुरा सहभागीहरू प्रस्तुत गर्छन्। | भावनाहरूको अभिव्यक्ति र अरूलाई राम्रो अनुभूति महशुस गराउँने कुराको महत्व पहिचान गर्नु। |
| सपनाको लागि इन्धन | सहभागीहरू निर्देशित छलफलद्वारा उनीहरूले अरूलाई उनीहरूको सपना परित्याग नगर्न प्रोत्साहन गर्नका लागि आवश्यक भूमिकाको बारेमा पहिचान गर्छन्। | सबैजना आफ्नो आशाहरू र सपनाहरू हाँसिल गर्नका लागि योग्य छन् भन्ने कुरा पहिचान गर्नु। किशोरहरूले किशोरीहरूलाई उनीहरूको सपना साकार गर्नका लागि सहयोग गर्न सक्छन्। |
| आशाको रङ्ग | निर्देशित छलफलद्वारा अरूहरूलाई प्रेरणा जागृत गराउनका लागि हरेकले खेल्न सक्ने भूमिकाहरू सहभागीहरूले पहिचान गर्छन्। यस प्रक्रियामा पहिले किशोरहरू र किशोरीहरूसँग बेग्ला बेग्लै र पछि एउटै समूहमा छलफल गरिन्छ। | किशोरीहरूमा कसरी किशोरले प्रेरणा जगाउन सक्छ भन्ने कुरा बुझ्नु। |
| सुझाव माग्ने | सहभागीहरूले प्रतिबन्धित लैङ्गिक मान्यताहरूका कारण सामना गर्नु परेका चुनौतीहरूका बारेमा उनीहरूका दौँतरीहरूबाट प्राप्त गरेका कल्पनिक चिठ्ठीहरू पढ्छन् र त्यस सबन्धमा सुझाव प्रदान गर्छन्। | बालबालिकाहरूलाई उनीहरूको आवाज र विचार व्यक्त गर्न, समस्या समाधान गर्ने अभ्यास गर्न र मूल्यमान्यताको पहिचान गर्नका लागि सशक्तीकरण गर्नु। |
| एउटा पाईला | लैङ्गिक समानताको सृजनाको लागि उनीहरूले आफ्नो जीवन र घरपरिवारमा ल्याइसकेको परिवर्तनको बारेमा व्यक्त गर्छन् र उत्सव मनाउँछन्। | व्यवहारमा परिवर्तन ल्याउनका लागि बालबालिकाहरूलाई प्रेरित र सशक्तीकरण गर्नु। |
| संरक्षणको सम्बन्ध | सहभागीहरू एकअर्काको संरक्षणको प्रतिबद्धता पूरा गर्ने प्रतिज्ञा जाहेर गर्दछन् र आफ्ना भाइबहिनीहरूवाट प्राप्त भएका संरक्षणका लागि प्रशंसा व्यक्त गर्दछन्। | रक्षा वन्धन पर्वलाई कसरी लैङ्गिक समतामूलक व्यवहारका लागि प्रेरित गर्ने स्थलको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझ्नु। |



## मूल्याङ्कन Evaluation

IRH सँग धेरै कलिला किशोर किशोरीहरूसँग लैङ्गिक र प्रजनन सचेतना दुवैको लेखाजोखा गर्नका लागि नवप्रवतर्नकारी गुणात्मक विधिहरूको निर्माण र प्रयोग गर्ने कुरामा प्रमाणित अनुभव छ। यसै कारणले गर्दा सेद द चिल्ड्रेनले "रोजाइ" कार्यक्रमको अनुगमन र मूल्याङ्कनका लागि IRH लाई आव्हान गर्‍यो। IRH ले पाठ्यक्रमका उद्देश्यहरू स्पष्ट पार्न; लैङ्गिक समताको मापन योग्य सूचाङ्कहरूको पहिचान गर्न; तथा मूल्याङ्कन अनुसन्धानको खाका, विधिहरू र साधनहरू विकास गर्न सेभ द् चिल्ड्रेनसँग नजिकबाट काम गर्‍यो। सेद् द चिल्ड्रेनले कार्यक्रम हरेक ठाउँमा कसरी कार्यान्वयन गरेको छ भन्ने निर्धारण गर्नका लागि अनुगमन साधनहरूको निर्माण गर्नका लागि पनि IRH ले काम गर्‍यो। मूल्याङ्कनमा जम्मा ६०३ जना व्यक्तिहरूको सहभागिता रहेको थियो जसमा केटा र केटीहरूको संख्या लगभग बराबर थियो। त्यसमध्ये प्रयोगात्मक क्षेत्र (Experimental Area) का १२ वटा बालक्लबहरूका करिव ३०० जना व्यक्तिहरूको सहभागिता रहको थियो भने अनुसन्धान नगरिएका क्षेत्र (Controlled Area) का १२ वटा बालक्लबका ३०० व्यक्तिहरूको सहभागिता रहेको थियो। "रोजाइ" परियोजनको परिणाम स्वरूप देखा परेका लैङ्गिकता सम्बन्धी परिवर्तनहरूको बारेमा सङ्ख्यात्मक सूचना सङ्कलन गर्नका लागि मूल्याङ्कनकर्ताले सवै सहभागीहरूसँग कार्यक्रम शुरू गर्नुभन्दा पहिले आधारभूत सर्वेक्षण (Base Line) र कार्यक्रम सम्पन्न भएपछि अन्तिम सर्वेक्षण (End Line) का लागि संरचनात्मक अन्तर्वार्ता (Structured Interview) हरू सञ्चालन गरे। वयस्कहरूसँग प्रयोग गरिएका प्रश्नहरू धेरै कलिला किशोर किशोरीहरूसँग सधैं प्रयोग गर्नका लागि प्रभावकारी नहुने हुँदा IRH ले सूचना प्राप्त गर्नका लागि उमेर अनुसार उपयुक्त हुने सहभागितामूलक क्रियाकलापहरू मार्फत संचरचनात्मक अन्तरवार्ताको ढाँचा तयार पार्‍यो। व्यवहारमा रहेको लैङ्गिक असमानतालाई मापन गर्नका लागि समान प्रतिक्रियाहरूलाई एक ठाउँमा राख्ने (Pile Sorting), सुझाव प्रति प्रतिक्रियाहरू र जोडी भाइवहिनीहरूका लागि समय/कार्य वितरण क्रियाकलापहरू थिए। तथ्याङ्क सङ्कलन विधिहरूका लागि तालिकाः २ हेर्नुहोस्।



समुदायमा किशोर किशोरीरूको जीवन कस्तो छ भन्ने झल्किने खिचिएको तस्विरहरू माथि केटीहरू छलफल गर्दै। यो विधिलाई फोटो भ्वाईस भनिन्छ।

गुणात्मक सूचना सङ्कलन परियोजना सम्पन्न भएपछि गरिएको थियो। यो प्रयोगात्मक र नियन्त्रण समूहका सहभागीहरूको आंशिक नमुनावाट गरिएको थियो र यसमा केटाहरू र केटीहरूको संख्या बराबर थियो। ३६ बालबालिकाहरू विस्तृत अन्तरवार्तामा सहभागी भए भने २४ जना फोटो भ्वाईसमा सहभागी भएका थिए। विस्तृत अन्तरवार्ता (In-depth Interview) मा प्रक्षेपी विधिहरू (Projective Technique) प्रयोग भएको थियो। यसमा केटाहरू र केटीहरूका आशा र सपनाहरू पत्ता लगाउनका लागि फोटोहरूको प्रयोग, लैङ्गिक भूमिका र धारणा मापनका लागि दुई पक्षीय फोटो उजागर गर्ने क्रियाकलाप, व्यक्तिगत परिवर्तनको मापनका लागि चित्रहरूको कोराइ र "रोजाइ" कार्यक्रमको सम्बन्धमा सहभागीहरूको धारणा बुझ्नका लागि प्रश्नहरूको प्रयोग गरिएको थियो। फोटो भ्वाईसले सहभागीहरूको नजरमा जीवनलाई चित्रित गर्नका लागि उनीहरूलाई क्यामेरा उपलव्ध गराइएको थियो र उनीहरूले नै खिँचेको फोटोहरूको आधारमा उनीहरूको लैङ्गिक विभेद सम्बन्धी सचेतना मापन गर्‍यो। यसका अतिरिक्त "रोजाइ" सम्पन्न भैसकेपछि बालबालिकाहरूले लैङ्गिकताका विषयहरूमा घर परिवारमा छलफल गरेका छन् कि छैनन् वा उनीहरूले आफ्नो जीवन र व्यवहारमा लैङ्गिकता सम्बन्धी परिवर्तन ल्याएका छन् वा छैनन् भन्ने कुरा बुझ्नका लागि ५४ जना अभिभावकहरू (२८ जना प्रयोगात्मक र २६ जना नियन्त्रण समूहका) सँग ६ वटा समूह केन्द्रित छलफल गरियो।



### तालिका २ : सूचना संकलन गर्न प्रयोग गरिएका साधन र विधि Tools & Technique

| | मापन गरिएका चलहरू (Variables) | साधनहरू र विधिहरू (Tools & Technique) | विवरण (Descriptions) |
|---|---|---|---|
| **संख्यात्मक (Quantitative)** | | | |
| बालबालिकाहरूसँग संरचित अन्तर्वार्ताहरू (Structured Interview) | लैङ्गिक धारणाहरू | कार्ड खेल/पाईल सर्ट | सहमत र असहमत गरी दुईवटा चाङ/थुप्रोमा विचारहरूलाई छुट्याउने |
| | लैङ्गिक भूमिकाहरू | कार्ड खेल/पाईल सर्ट | घरायसी कामकाज र व्यवहारका तस्वीरहरूलाई पुरूषको काम, महिलाको काम वा दुवैको कामको आधारमा छुट्याउने |
| | लैङ्गिक असमानताहरू | • अरूणको दुविधा<br>• भाइ बहिनीहरूका बीचमा समय/कार्य विभाजन | • किशोर किशोरीहरूका समस्याहरूको बारेमा कथा पढ्ने र उत्तरदाताहरूसँग सुझाव माग्ने<br>• केटाहरू र केटीहरूको कामको भार तुलना गर्नका लागि तयार पारिएको साप्ताहिक पात्रो |
| **गुणात्मक (Qualitative)** | | | |
| बालबालिकाहरूसँग विस्तृत अन्तर्वार्ताहरू (In-depth Interview) | आशा र सपनाहरू | प्रक्षेपी तस्वीरहरूको पहिचान (Projective Photo elicitation) (भविष्यका लागि ढोकाहरू) | सजाइएका स्थानिय ढोकाहरूको प्रयोग गर्दै आशा र सपनाहरूको पहिचान गर्ने दृश्य अभ्यासहरू |
| | लैङ्गिक भूमिका र धारणाहरू | तस्वीरहरूको पहिचान (दुई पक्षीय) | केटाहरू र केटीहरूले विभिन्न काम गरेको सजाइएको तस्विरहरूको प्रयोग गरेर लैङ्गिक आधारमा कुन कुन कामहरू विभाजन गर्न सकिन्छ भन्ने खोजी गर्नु |
| | व्यक्तिगत परिवर्तनहरूको मूल्याङ्कन | परिवर्तनको यात्रा प्रस्तुत गर्ने चित्रकलापहरूको कोराई | परियोजना भन्दा पहिले र पछि मूल्य मान्यताहरू र जीवनशैली माथि प्रकाश पार्दै सहभागीहरूले चित्र बनाउँछन् । |
| | "रोजाइ" पाठ्यक्रमको मूल्याङ्कन | खुल्ला प्रश्नहरू | परियोजनाको बारेमा सहभागीहरूलाई के कुरा मन पर्‍यो र के मन परेन, आठ वटा मध्ये कुन चाहिँ सत्र उनीहरूलाई धेरै सान्दर्भिक लाग्यो र किन ? भनेर खोजी गर्ने । |
| बालबालिकाहरूसँग फोटो भ्वाईस (तस्वीरको स्वर) | लैङ्गिक असमानता | फोटो भ्वाईस | समुदायमा केटाहरूको जीवन र केटीहरूको जीवन कस्तो छ भन्ने झल्किने खालको तस्विर मार्फत जबाफ दिनका लागि उत्तरदाताहरूलाई डिस्पोजेबल क्यामेरा उपलव्ध गराइयो । प्रिन्ट गरिएको तस्वीर निजि कथा भन्नका लागि प्रयोग गरिन्छ । |
| अभिभावकहरूसँग समूह केन्द्रित छलफल (Focus Group Discussion) | आशा र सपनाहरू | प्रक्षेपीत तस्वीरहरूको पहिचान | सजावट गरिएको स्थानिय ढोकाहरूको तस्वीर प्रयोग गर्दै अभिभावकहरूले आफ्नो छोराछोरीको आशाहरू र सपनाहरूको पहिचानका लागि दृष्य प्रस्तुत गर्नु |
| | परिवर्तित लैङ्गिक मान्यतहरू | तस्वीरहरूको पहिचान | केटाहरू र केटीहरूले विभिन्न कामहरू गरिरहेका तस्विरहरू प्रयोग गर्दै अभिभावकहरूले लैङ्गिक मान्यताहरू पिढीगत रूपमा कसरी परिवर्तन भए भन्ने कुरा खोज्न र संभावित छोराहरू र छोरीहरूमा समतामूलक तरीकाबाट कसरी घरायसी कामकाज विभाजन गर्ने भन्ने संभावना खोजी गर्नु |
| | बलबालिकाहरूमा परिपक्वता/परिवर्तनहरू | खुला प्रश्नहरू | अभिभावकहरूले "रोजाइ" परियोजनाको कारणले आफ्ना छोराछोरीहरूमा कुनै परिवर्तन अनुभूति गरे वा गरेनन् र यी परिवर्तनहरूको बारेमा उनीहरूले के महशुस गरेका छन् त्यसको खोजी गर्नु । |